कार्यालय: ०७६-५६००६३
Email: akckapilvastu@gmail.con

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कपिलवस्तु

प. सं.: २०८०/८१
च. नं.: २९८

मिति:२०८०/०९/१७

## ब्लक विकास क्षेत्र निर्धारणका लागि प्रस्ताव आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०९/१७)

चालु आ.व. २०८०/८१ मा यस कार्यालयद्वारा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतको ब्लक विकास कार्यक्रम संचालन गरिने भएकोले यस जिल्ला भित्रका इच्छुक कृषक समुह/सहकारीहरु,जल/वन उपभोक्ताहरु तथा कृषि फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/१०/०२ गते) भित्र यस कार्यालयमा परियोजना कार्यान्वयन म्यानुअल अनुसुची १० अनुसारको ढाँचामा आवेदन र अनुसुची ७ अनुसारको ढाँचामा तथ्याँक विवरण पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र कपिलवस्तुको फोन नं.०७६५६००६३ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**संचालन गरिने ब्लक विकास कार्यक्रमको विवरण:**

| संचालन गरिने ब्लक विकास कार्यक्रम संख्या | बाली | क्षेत्रफल मापदण्ड | बजेट(रु.) | कैफियत |
|---|---|---|---|---|
| १ (एक) | तरकारी | ८० हेक्टर(१२० बिगाहा) | १९ लाख | यस अगाडि तरकारीको ब्लक र जोन संचालन नभएको क्षेत्रलाई मात्र |

**आवेदकको किसिम:**

नियमानुसार दर्ता भएका कृषक समुहहरु,कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारीहरु,नियमानुसार दर्ता भएका जल/वन उपभोक्ताहरु तथा कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु।

**पेश गर्नु पर्ने कागजातहरु:**

१.अनुसुची १० बमोजिमको ढाँचामा निवेदन।
२. अनुसुची ७ बमोजिमको ढाँचामा तथ्याँक विवरण।
३.सम्वन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
४.ब्लक कार्यक्रम माग गर्ने संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि।
५.सम्वन्धित स्थानीय तहको सिफारिस।
६. ब्लक कार्यक्रम माग गर्ने संस्थाको कार्य समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि।
७.कार्य संचालन हुने जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडामा जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्र।

२०८०/०९/१६
...........................
(भास्कर पौडेल)
प्रमुख (अधिकृतस्तर नवौं)

CamScanner